फोन नं.: ०८१-५२०३१६,५२०१५१,५२०३३८,५२२०१६

# नेपालगञ्ज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

नेपालगञ्ज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

प.सं. : २०८०/०८१ (सुचना अधिकारी)
च.नं. : ४४०२

मिति :- २०८१/०१/१६ गते

**विषय :- सूचना उपलब्ध गराईएको सम्बन्धमा ।**

श्री विरेन्द्र प्रसाद जैसी ज्यू
सम्पर्क नम्वर : ९८६८७७०००५
ईमेल : bjaisi10@gmail.com

प्रस्तुत विषयमा तपाईबाट यस कार्यालयमा सूचना माग भए बमोजिमको सूचनाहरु कार्यालयको सम्वन्धित शाखा/महाशाखाहरुबाट प्राप्त विवरण तथा तथा आवश्यक कागजातहरु राजश्व शाखाबाट प्राप्त पेज थान ५ (पाँच) यसैपत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।
हजुरबाट माग भएबमोजिमको सूचना तथा विवरणहरुमध्ये अपुग भएमा वा अन्य थप सूचना आवश्यक भएमा माग भएपश्चात उपलब्ध गराईने व्यहोरा समेत अनुरोध छ ।

*सूचना माग गर्नुभएकोमा हार्दिक धन्यवाद छ ।*

२०८१/१/१६

..........................................
(खिमानन्द अर्याल)
सूचना अधिकारी

# नेपालगञ्ज उप–महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

नेपालगञ्ज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

Phone No : 081-520150
081-520316
Email :
nepalgunjmun@gmail.com
Website :
www.nepalgunjmun.gov.np


प.सं. : २०८०/८१ (राजस्व शाखा)
च.न. : ४४०१

मिति : २०८१।०१।१४

बिषय : बिवरण तथा कागजात उपलब्ध गराईएको सम्बन्धमा ।

श्री सूचना अधिकारीज्यू,
नेपालगञ्ज उप–महानगरपालिका,
नेपालगञ्ज, बाँके ।

प्रस्तुत बिषयमा दैनिक नेपालगञ्जमा कार्यरत पत्रकार वीरेन्द्र प्र. जैसीले समाचार र अध्ययन प्रयोजनको लागी यस राजस्व शाखासंग मिति २०८०।०१।०८ गते दिएको निवेदनमा माग गरिएको सूचना तथा बिवरण तपसिल बमोजिम रहेको तथा सो संग सम्बन्धित कागजात यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

तपसिल :

१) उप–महानगरपालिकाले दिने गरेको व्यवसाय दर्ता प्रमाणपत्र कुन कानुनी आधारमा दिने गरिएको सम्बन्धमा नेपालको संविधान २०७२, अनुसूची–८, स्थानीय तहको अधिकारको सूची क्र.सं. ४, स्थानीय सरकार सञ्चालन ऐन २०७४, दफा ५८ र नेपालगंज उप–महानगरपालिका आर्थिक ऐन, २०८०, दफा ५ ले दिईएको अधिकार प्रयोग गरि व्यवसाय दर्ता प्रमाणपत्र प्रदान गरिएको ।

२) व्यवसाय दर्ता प्रमाणपत्र कहिले देखि प्रदान गर्न थालिएको सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागु भएपछि अनिवार्य गरिएको तर कार्यालयमा सो भन्दा पहिले पनि प्रदान गरेको देखिएको तर कैले देखि दिईएको यकिन नभएको ।

३) व्यवसाय दर्ता प्रमाणपत्रको शुल्क र नविकरण शुल्कबाट गत ३ आ.ब.मा कति राजस्व संकलन भएको सम्वन्धमा निम्नानुसार भएको ।

| आ.ब. | संकलित रकम (व्यवसाय कर) |
|---|---|
| २०७७/७८ | १,१९,४५,९९७.०० |
| २०७८/७९ | १,२४,४५,०४१.२५ |
| २०७९/८० | १,४५,११,२५१.६४ |

वीर बहादुर थापा मगर
अधिकृत छैठौं
राजस्व शाखा प्रमुख

बोधार्थ :
१. श्री विरेन्द्र प्रसाद जैसी
(९८६८८००००५)

CS CamScanner

# नेपालगञ्ज राजपत्र

नेपालगंज उप-महानगरपालिकाद्वारा प्रकाशित

खण्ड (७) संख्या ६४ नेपालगंज २०८०, आषाढ

## नेपालगंज उप-महानगरपालिका, आर्थिक ऐन २०८०

### नगर सभाबाट स्वीकृत

**स्वीकृत मिति : २०८०/०३/२३ गते**

नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिका
नेपालगंज, बाँके

CamScanner

४. **घरजग्गावहाल कर :**

नेपालगंज उपमहानगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि–३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय कर :**

नेपालगंज उपमहानगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि –२ बमोजिम व्यवसाय कर लगाइने र असूलउपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर :**

नेपालगंज उपमहानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि–५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन कर :**

नेपालगंज उपमहानगरपालिका क्षेत्रभित्र संचालन हुने साना सवारी साधनमा अनुसूचि–६ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।



CamScanner

नेपालको संविधान, २०७२

(१)

अनुसूची-८

(धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित)

स्थानीय तहको अधिकारको सूची

| क.स | विषयहरू |
|---|---|
| १। | नगर प्रहरी |
| २। | सहकारी संस्था |
| ३। | एफ.एम सञ्चालन |
| ४। | स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन |
| ५। | स्थानीय सेवाको व्यवस्थापन |
| ६। | स्थानीय तथ्यांक र अभिलेख संकलन |
| ७। | स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू |
| ८। | आधारभूत र माध्यमिक शिक्षा |
| ९। | आधारभूत स्वास्थ्य र सरसफाइ |
| १०। | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता |
| ११। | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ |
| १२। | गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १३। | स्थानीय अभिलेख व्यवस्थापन |
| १४। | घर जग्गा धनी पुर्जा वितरण |
| १५। | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी |



CamScanner

स्थानीय सरकार सञ्चालन ऐन, २०७४

(च) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र घरजग्गा,

(छ) खानेपानी सङ्कलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्बला, मजार, विमानस्थल, बसपार्क, रङ्गशाला, उद्यान पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरू,

(ज) राजदूतावास, वाणिज्य नियोग, कूटनैतिक नियोगका घर र घरजग्गा ।

*५६. भूमिकर (मालपोत) : गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको दफा ५५ बमोजिम सम्पत्ति कर लागेको घरजग्गा बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनेछ ।

५७. घर जग्गा बहाल कर : गाउँपालिका वा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउनेछ ।

५८. व्यवसाय कर : गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउनेछ ।

५९. बहाल बिटौरी शुल्क : गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल बिटौरी शुल्क लगाउनेछ ।

६०. पार्किङ्ग शुल्क : गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत पार्किङ्ग शुल्क लगाउन सक्नेछ ।

६१. जडीबुटी, कवाडी र जीवजन्तु कर : गाउँपालिका तथा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस (खर), कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे बापत गाउँपालिका तथा नगरपालिकाले जडीबुटी, कवाडी तथा जीवजन्तु कर लगाउनेछ ।

६२. सेवा शुल्क : (१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, र्‍याफ्टिङ्ग, प्याराग्लाईडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउनेछ ।

---

* आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।